पाठ - १

# वीर पुर्खा

*वासुदेव त्रिपाठी*

## शब्दभण्डार

१. **वीर पुर्खा कविता गति, यति र लय मिलाई पढ्नुहोस् :**

२. **दिइएका अर्थ दिने शब्द पाठबाट छानेर लेख्नुहोस् :**

| शब्द | अर्थ |
|---|---|
| (क) गिद्ध प्रजातिको ठूलो पक्षी विशेष | गरुड |
| (ख) प्रवाह | वेग |
| (ग) डाम | डोब |
| (घ) गौंडा | नाका |
| (ङ) पुरुषार्थ | पौरख |

३. **तल दिइएका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :**

पर्वत – नेपालको भूमिमा अनेक सानाठुला पर्वत छन्।
तीर – वेत्रावती नदीको तीरमा हाम्रा पुर्खाले पौरखको चिनो छोडेका छन्।
बहादुर – बहादुर नेपाली अन्यायका अगाडि झुक्दैनन्।
सङ्केत – गुरुले मलाई मेरो काम राम्रो भएको सङ्केत गर्नुभयो।
नभ – औँसीको रातमा नभमा अनेक तारा चम्किन्छन्।
समुद्र – समुद्र जलस्रोतको अक्षय भण्डार हो।
पाषाण – पाषाण युगमा मानवको जीवन निकै कष्टकर थियो।
झन्डा – नेपालको झन्डाको स्वरूप निकै आकर्षक छ।

४. **दिइएका शब्दसँग मिल्ने अनुप्रासयुक्त शब्द खोज्नुहोस् :**

| शब्द | अनुप्रासयुक्त शब्द |
|---|---|
| आँधी | व्याधी, समाधि |
| वेग | मेग, डेग |

| | |
|---|---|
| खोला | तोला, चोला |
| तराई | पराई, कराई |
| धारा | पारा, सारा |
| माटो | फाटो, आँटो |
| रगत | फगत, जगत् |
| गौरव | रौश्व, पौरख |
| यात्रा | जात्रा, मात्रा |

## बोध र अभिव्यक्ति

१. **कविता पढी दिइएका प्रश्नको उत्तर दिनुहोस् :**

(क) **कवितामा कतिओटा श्लोक छन् ?**

➲ कवितामा चारओटा श्लोक छन्।

(ख) **कुनकुन पङ्क्तिमा सबैभन्दा बढी पद रहेका छन् ?**

➲ पहिलो श्लोकको पहिलो, दोस्रो र तेस्रो पङ्क्तिमा सबैभन्दा बढी ८/८ पदहरू रहेका छन्।

(ग) **समान पदसङ्ख्या भएको श्लोक कुन हो ?**

➲ समान पदसङ्ख्या भएको श्लोक दोस्रो हो यसमा सबै पङ्क्तिमा सबैभन्दा कम पद रहेका छन्।

(घ) **कुन पङ्क्तिमा सबैभदा कम पद रहेका छन् ?**

➲ तेस्रो श्लोकको दोस्रो पङ्क्तिमा सबैभन्दा कम (५) पदहरू रहेका छन्।

(ङ) **कवितामा प्रयोग भएका नदी र स्थानको सूची बनाउनुहोस् ।**

➲ <u>नदी</u> - टिस्टा, राबी, गङ्गा, वेत्रावती

<u>स्थान</u> - काँगडा, कलङ्गा, डिगर्चा

२. **'वीर पुर्खा' कविताको पहिलो श्लोक पढी त्यसलाई गद्यमा रूपान्तर गर्नुहोस् :**

➲ तिम्रो गति कुन खोलाले, कुन पहाडले छेकेथ्यो र
वीर पुर्खा तिम्रो यात्रा कुन आँधीले रोकेथ्यो र
तिम्रो गरुडकोभैँ बेग कुन आकाशले बाँध्न सक्यो
तिमीले पौरखले नेपाल रचेर पहाड तराई जुट्न सक्यो।

३. **कविता पढी विषयको क्रम मिलाएर लेख्नुहोस् :**

➲ (क) वीर पुर्खाको गतिलाई खोला र आँधीले रोक्न सक्दैन।
(ख) पुर्खाको पौरखले नेपालको पहाड र तराईलाई जोडेको छ।
(ग) काँगडा र कलङ्गाले नेपालको इतिहास बोलेको छ।
(घ) वेत्रावतीको किनारमा नेपालीको पौरखको चिनो छ।
(ङ) वीर पुर्खाको रगत नेपालीको नसानसामा छ।

४. **दिइएको कवितांश पढ्नुहोस् र सङ्क्षिप्त उत्तर लेख्नुहोस् :**

*डिर्चामा डोब तिम्रो चिसो हिउँभित्र होला*
*वेत्रावती किनारमा पौरखको चिनो होला*
*वीर पुर्खा! तिमीलाई मितेरीले मात्र बाँध्यो*
*सागर तरी संसारभरि वीर गोर्खा रगत बग्यो।*

**प्रश्नहरू**

(क) **माथिको कवितांशमा हाम्रा पुर्खाहरूका बारेमा के भनिएको छ ?**

➲ माथिको कवितांशमा हाम्रा पुर्खाको वीरताको गुणगान गाइएको छ। वीर पुर्खाहरू निडर भएर वीरता प्रदर्शन गर्दै नेपाल निर्माणका क्रममा निरन्तर अघि बढिरहेकाले नै नेपाल निर्माण भएको हो । आज पनि हाम्रा वीर पुर्खाले छोडेका वीरताका चिह्नहरू हामी हाम्रो भूगोलमा र विदेशी भूगोलमा समेत पाउन सक्छौं । आफ्नो भूमिलाई विशाल बनाउन ज्यानको बाजी लगाएर विजय ध्वजा फहराउँदै अघि बढेका वीर पुर्खाका पदचापहरू अझै पनि डिगर्चाको चिसो हिउँभित्र रहेका होलान् भन्ने कुरा सङ्केत गरिएको छ । नेपाली भूगोललाई विशाल बनाउन पराइसँग धावा बोल्दै अघि बढेका पुर्खाहरू वेत्रावती नदीसम्म पुगेका थिए । तिनले आर्जन गरेको त्यस क्षेत्रका वनपाखामा अझै पनि तिनका पौरखका चिह्नहरू रहेका छन् । पुर्खाहरू निरन्तर अघि बढिरहेका बेला तिनलाई केवल पराई भूमिका मानिस प्रतिको मानवताले मात्र रोक्न सकेको र तिनले पराइ भूमिका मानिससँग मित्रता कायम गरेको भन्दै पुर्खाको महान् मानवतावादी भावनाको पनि कवितांशमा उल्लेख गरिएको छ।

(ख) **हामीले हाम्रा पुर्खाको गौरव कसरी जोगाउन सक्छौं ?**

➲ हामीले हाम्रा वीर पुर्खाको गौरवलाई जोगाउन, परिश्रमी, निडर, सहासी भएर मन, वचन र कर्मले नेपाल भूमिका लागि अघि बढिरहनुपर्छ। नेपाली भूमिको रक्षाका लागि पुर्खाले जस्तै सबै खालका बाधा व्यवधानलाई समाधान गर्दै अघि बढ्नु आवश्यक छ। पुर्खाले छोडेर गएका नासोरूपि हाम्रो भूगोल, संस्कृति, परम्परा, रीतिरिवाज सबैको संरक्षण र जगेर्ना गर्न सक्यौँ भने अवश्य पनि पुर्खाको गौरव जोगाउन सक्छौं । वीर पुर्खाले हामी नेपालीलाई वीर गोरखाली, सहासी जाति, कर्मवीर परिश्रमी भनेर संसारभरि चिनाउने कर्म गरेका छन् । हामीले पुर्खाको गौरवलाई बिर्सनु भनेको आफैँलाई बिर्सनु हो। पुर्खाका वीरताका गाथाहरू आज पनि हाम्रो मुटुको ढुकढुकी बनेर रहेका छन् । वीर पुर्खाका गौरवलाई जोगाउन हामीले प्रत्येक क्षण सहासी र पराक्रमी व्यवहार प्रदर्शन गर्नुपर्दछ। देशहितको कुनै पनि मुद्दामा रत्तिभर पछि पर्नु हुँदैन। आवश्यक परेका खण्डमा देश हितका लागि जीवन वलिदान दिन पनि तयार हुनुपर्छ। मुलुकको भलाइका लागि अत्यन्त सचेत भई परचक्रीसँग मित्रता र शत्रुता दुवै खाले परिस्थिति अवलम्बन गर्न सक्यौं र सदैव राष्ट्रलाई हृदयमा सजाएर कर्म गर्दै अघि बढेमा अवश्य पनि हामीले वीर पुर्खाको गौरव जोगाउन सक्छौं।

(ग) **'सागर तरी संसारभरि वीर गोर्खा रगत बग्यो ।' यस कथनको तात्पर्य के हो ?**

➲ वीर गोर्खालीहरू नेपाल भूमिको विस्तारमा मात्र सीमित रहेनन् उनीहरूले विदेशी भूमिमा समेत आफ्नो वीरता प्रदर्शन गरे र वीर जाति भनेर चिनिए भन्नु नै यस कथनको तात्पर्य हो । नेपाल भूमिको रक्षा र विस्तारमा अघि बढेका वीर गोर्खालीहरूले विश्वका महासङ्ग्राम प्रथम र दोस्रो विश्वयुद्धमा समेत ज्यानको बाजी लगाएर आफ्नो वीरता प्रदर्शन गरेको जीवन्त इतिहास अझै पनि हामी पढिरहेका छौँ । उनीहरूको गौरव सीमित नरही सागरदेखि परसम्म पुगेको छ । विश्वका अनेका राष्ट्रमा आफ्नो वीरता, निडरता र बहादुरी प्रदर्शनमा हाम्रा वीर पुर्खा चुकेका थिएनन् । वीर पुर्खाको बहादुरीका अगाडि संसारका जुनसुकै र जस्तासुकै बाधाका पर्खालहरू पनि साना सावित भएका थिए । उनीहरूको सहासलाई ती पर्खालले कहिल्यै छेक्न, रोक्न सकेन भन्नु नै उक्त कथनको आशय वा तात्पर्य हो ।

५. **दिइएको कविताांश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**

*कुन पहाडले कुन खोलाले तिम्रो गति छेकेथ्यो र*
*वीर पुर्खा! कुन आँधीले तिम्रो यात्रा रोकेथ्यो र*
*गरुडको झैँ वेग तिम्रो कुन आकाशले बाँध्न सक्यो*
*पौरखले रच्यौ नेपाल! पहाड तराई जुट्न सक्यो।*

**प्रश्नहरू**

(क) **नेपालीहरूको कस्तो पौरखले नेपालको रचना भएको हो ?**

➲ नेपालीहरूको महान् पौरखले नेपालको रचना भएको हो । नेपालको रचनामा नेपालीहरूले कुनै कसर बाँकी राखेनन् । उनीहरू यसको निर्माणका लागि जीवन वलिदान दिन हरपल तत्पर रहे । उनीहरूको एकमात्र लक्ष्य सुन्दर र विशाल नेपालको रचना भएकाले त्यसै लक्ष्यलाई सफल पार्न उनीहरू सधैँ तत्पर रहे । उनीहरूमा अदम्य शक्ति, दरिलो आँट, अटल विश्वास र पौरख भरपुर थियो । उनीहरूको हृदय हरदम सुन्दर नेपालको रचनामा धड्किरहन्थ्यो । उनीहरूको सपना, जपना र कर्म नै बलियो, सुरक्षित र विशाल नेपाल निर्माण गर्नु भएकाले त्यो लक्ष्य पुरा भएर नै आज हामीले नेपाल भूमि, हाम्रो साझा घर प्राप्त गरेका छौँ। नेपाल निर्माणका लागि नेपालीले गरेको कर्म र पौरखमा खोट लगाउने, प्रश्न उठाउने कुनै स्थान छैन । नेपालीहरूको वीरतापूर्ण, निडर, सहासी उत्तम पौरखले नेपालको रचना भएको हो ।

(ख) **कविताांशका आधारमा वीर पुर्खाको गौरव गाथाको वर्णन गर्नुहोस् :**

➲ हाम्रा महान् पुर्खाको कारणले नै आज हामी स्वतन्त्र, सुन्दर भूमि नेपालका नागरिक भनेर शिर ठाडो गरेर भनिरहेका छौँ, आफूलाई चिनाइरहेका छौँ । वीर पुर्खाको गौरवको गाथा हामी नेपालीको ढुकढुकी बनेको छ, हामी पुर्खाका वीरताका कर्म र सहासलाई भुलेर पनि भुल्न सक्दैनौँ । हामी नेपालीले आज विश्वमा वीर नेपाली जाति भनेर जुन मान, सम्मान र इज्जत पाएका छौँ त्यसमा वीर पुर्खाको अविस्मरणीय योगदान रहेको छ । वीर पुर्खाका कर्मलाई, लक्ष्यलाई कुनै पनि

प्रकारका आँधी, खोलारूपी व्यवधान, बाधा र समस्याले छेक्न सकेको थिएन। उनीहरू आफ्नो लक्ष्य प्राप्तिका लागि प्राकृतिक तथा मानव सिर्जित बाधाहरू पर्गेल्दै, छिचोल्दै निरन्तर अघि बढिरहन्थे। तिनीहरूको यात्राको वेग कुनै वेगवान् पक्षी गरुडको भन्दा कम थिएन। तिनीहरू शत्रुलाई परास्त गर्न आफ्नो भूमिको रक्षा गर्न गरुडको वेगमा एक ठाउँबाट अर्को ठाउँ पुग्न सक्थे। उनीहरूको यस्तै पौरखी, सहासी र पराक्रमी कर्मले पहाड, तराईको संयोजन भई सुन्दर, शान्त नेपाल भूमिको भूगोल युगौँदेखि हाम्रो साझा घर बनेको छ भन्ने भाव प्रस्तुत गर्ने उक्त कवितांशमा वीर पुर्खाको महान् गौरव गाथा प्रस्तुत भएको छ।

**६. 'वीर पुर्खा' कविताको चौथो श्लोकलाई आधार बनाई दिइएका प्रश्नका उत्तर दिनुहोस् :**

**(क) नेपालीहरूको वीरता कसरी गुन्जिएको छ ?**

➲ यस श्लोकमा नेपालीको नेपाल निर्माण तर्फको यात्रालाई कसैले रोक्न नसकेको, उनीहरूको यात्रा अविराम गतिमा अघि बढेको कुरा उल्लेख छ। नेपालीको यात्रालाई संसारका कुनै शक्तिले रोक्न नसकेको सङ्केत गरिएको छ। जसरी हिमालको हिउँ पग्लेर बन्ने निरन्तर प्रवाहित हिमनदी कसैले रोकेर, थुनेर रोक्न, थुन्न सक्दैन त्यसैगरी नेपालीको नेपाल निर्माणको यात्रालाई कसैले थुन्न रोक्न नसकेको भनिएको छ। आफ्नो लक्ष्य सिद्ध गर्नका लागि गरुडको वेग र सीमाहीन तथा बन्धनहीन भई नेपालीहरू अघि बढेका थिए भन्दै पुर्खाको वीरताको वर्णन उक्त श्लोकमा गरिएको छ।

**(ख) चन्द्रसूर्य ध्वजामा कस्तो गौरव अङ्कित छ ?**

➲ चन्द्रसूर्य ध्वजामा पुर्खाको वीरताको गौरव अङ्कित रहेको छ। चन्द्रसूर्य धवजामा अङ्कित चन्द्र र सूर्यका प्रतीकले पनि पुर्खाकै गाथा गाएका छन्। वीर नेपाली पुर्खाको महान् विशेषता चन्द्र र सूर्यले सङ्केत गरेका छन्। आफ्नो भूमिको रक्षाका लागि वीर जाति नेपालीले परिस्थितिअनुसार कहिले चन्द्रमाझैँ शीतल व्यवहार प्रदर्शन गरे भने कहिले सूर्यझैँ रापिलो र तापिलो भएर शत्रुलाई सजाय दिँदै अघि बढे। चन्द्रसूर्य अङ्कित हाम्रो राष्ट्रिय ध्वजाले आज पनि पुर्खाको गौरवलाई हामी माझ चिनाइरहेको छ।

**७. दिइएको कवितांशको व्याख्या गर्नुहोस् :**

*गरुडको झैँ वेग तिम्रो कुन आकाशले बाँध्न सक्यो*
*पौरखले रच्यौ नेपाल ! पहाड तराई जुट्न सक्यो।*

➲ प्रस्तुत भावपूर्ण कवितांशले नेपाली वीर पुर्खाको सीमाहीन अदम्य साहस र शक्तिलाई सङ्केत गरेको छ। वर्तमान नेपालका निर्माता हाम्रा पुर्खाहरूको गुणगान गाउँदै कवितांशले वीर पुर्खा नेपालीप्रति सम्मान प्रकट गरेको छ। नेपाल निर्माणका लागि भौतिक र मानसिक रूपले एकजुट भएका पुर्खाहरू गरुडकोझैँ तीव्र वेगका साथ अघि बढेका थिए। उनीहरूको मुलुकको भूगोललाई विशाल बनाउन दत्तचित भएर लागेका हुनाले कुनै बाधा व्यवधानले पनि छेक्न रोक्न नसकेको भाव कवितांशमा छ। वीर पुर्खाको पौरख र परिश्रमले नै पहाड र तराईले सुशोभित

आजको सुन्दर मुलुक नेपाल निर्माण सम्भव भएको हो। यसको भूगोलमा आज पनि पुर्खाका पदचापहरू र पसिनाका गन्धहरू पाइन्छन्।

उक्त भावपूर्ण पङ्क्तिहरूले वीर पुर्खाको पौरख, लक्ष्यलाई सङ्केत गरेको छ। आकाशभन्दा फराकिलो लक्ष्य बोकेर अघि बढेका वीर गोर्खालाई संसारको कुनै शक्तिले छेक्न नसकेकै कारण नेपालरूपी सुन्दर सिर्जना सिर्जित भएको हो भन्दै कवितांशले पुर्खाको महानता, वीरता, वेगवान शक्ति आदिको प्रस्तुति गरेर उनीहरूलाई सदा सम्झदै तिनकै मार्गमा लाग्नुपर्ने भाव प्रस्तुत गरेको छ।

८. **दिइएका बुँदाका आधारमा 'वीर पुर्खा' कविताको समीक्षात्मक टिप्पणी गर्नुहोस् :**

➲ 'वीर पुर्खा कविता कवि तथा समालोचक वासुदेव त्रिपाठी (१९९९) द्वारा रचना गरिएको प्रसिद्ध कविता हो। यस कविताले नेपाल एकीकरण र निर्माणमा जीवन समर्पण गर्ने वीर पुर्खाको महिमा गान गरेको छ। पुर्खा नाम शब्दका अघि वीर विशेषण पद समावेश गरेर 'वीर पुर्खा' दुई पदको शीर्षक भएको यस कविताले हाम्रा पुर्खा कायर, लाक्षी र अल्छी नभई वीर र पराक्रमी थिए भन्ने कुराको सङ्केत गरेको छ। विशाल नेपाल निर्माण गर्ने लक्ष्यका साथ अघि बढेका वीर पुर्खाले मुलुकको हितका लागि यसभित्रका स-साना राज्यहरूलाई एक बनाउने काम गरे भने विदेशी भूमिको विस्तारवादी नीतिसँगै सामना गर्दै स्वदेशको भूगोल विस्तार तथा त्यसको रक्षा गर्ने महान् कार्य गरेका थिए। गरुडकोझैँ वेगवान् गतिमा निरन्तर अघि बढेका पुर्खाका विजय यात्राका पाइलालाई कुनै पहाड, खोला र आँधीले रोक्न सकेको थिएन। उनीहरू प्राकृतिक तथा कृत्रिम बाधाहरूको सामना गर्दै नेपाली भूगोलको विस्तारका लागि आफ्नो सफल यात्रा तय गर्दै रहे। वीर पुर्खाले हिमाल, पहाड र तराईको सुरम्य भूमिलाई जोड्दै सुन्दर र विशाल नेपालको रचना गरेका हुन्।

हाम्रा वीर पुर्खाका पाइलाहरू उत्तरमा तिब्बतसम्म, पूर्वमा टिस्टासम्म र पश्चिममा काँगडासम्म पुगेका थिए। आज पनि ती वरपरका भूमिमा नेपाली वीर पुर्खाका पदचाप तथा चिह्नहरू र वीरताको गाथा कुनै न कुनै रूपमा भेटिन्छन्, गुन्जिएका छन्। पुर्खाको परिश्रम, पौरख र सहासको गाथा एकपछि अर्का पुस्ताले सुन्दै र ग्रहण गर्दै आएकाले तिनलाई हामी कहिल्यै विर्सन सक्दैनौ। नेपाली वीर पुर्खाको वीरताको गाथा यस मुलुकभित्रमात्र सीमित छैन। यो त विदेशी भूमिमा समेत गुन्जिएको छ। विश्वका दुई ठूला महासङ्ग्राममा बहादुरीका साथ आफ्नो वीरता प्रदर्शन गरेका हाम्रा पुर्खाको महान् कर्मका कारण आज हामी पनि वीर गोर्खालीका सन्तान भनेर गर्वका साथ छाती फुलाउछौँ, पुर्खाको योगदानको गाथा सुनाउछौँ, रमाउछौँ। हाम्रा नसामा आज पनि पुर्खाकोझैँ रगत बगेको हुनाले हामी हाम्रो मुलुकविरुद्ध कसैले धावा बोलेमा यसका लागि जीवन समर्पण गर्न हरदम तयार रहन्छौँ। हाम्रा वीर पुर्खाहरूमा मानवतावादी भावनाको भण्डार रहेकैले तिनले छिमेकी मुलुकप्रति मित्रताको भावना राखे र त्यही मित्रताको बन्धनले मात्र उनीहरूलाई अघि बढ्न रोकेको हो भन्ने आशय कवितामा रहेको छ।

यस कविताले वीर पुर्खाप्रति सम्मान प्रकट गरेको छ। मुलुकका लागि पुर्खाले जेजस्तो योगदान दिए त्यसलाई नासोका रूपमा ग्रहण गर्दै हामीले पछिल्ला पुस्तालाई हस्तान्तरण गर्नुपर्छ। पुर्खाले आर्जन गरेको भूमिमा कुनै पराइ मुलुकका विस्तारवादी पाइला पर्न दिनुहुन्न। आफ्नो मुलुकको भौगोलिक सीमा रक्षामा पुर्खाले जस्तै जीवन समर्पण गर्न समेत तयार रहनुपर्छ भन्ने भाव बोकेको यस कविताले मूलतः राष्ट्रको हितका लागि सदैव समर्पित रहनुपर्ने भाव प्रस्तुत गरेको छ।

९. **दिइएको अनुच्छेद पढी मुख्य बुँदा टिप्नुहोस् :**

सुरु सुरुमा इतिहास पनि साहित्यकै एक अङ्गका रूपमा मानिएको थियो। मानिसहरूलाई आनन्द दिलाउने तथा मनोरञ्जन प्रदान गर्ने साधनका रूपमा यसको प्रयोग गरिन्थ्यो। इतिहासका सत्य घटनालाई बढीभन्दा बढी रोचक बनाउन अनेक काल्पनिक कुरा समावेश गरिन्थ्यो। यसले गर्दा इतिहासको वास्तविकता के हो, पहिल्याउनसमेत गाह्रो पर्थ्यो। इसापूर्व पाँचौ शताब्दीतिरका केही चिन्तकहरू इतिहासलाई तथ्यपूर्ण बनाउन प्रयत्नशील थिए। ग्रिक विद्वान् हेरोडोटसको नाम यस प्रसङ्गमा विशेष उल्लेखनीय छ। उनी इतिहासका प्रथम सिद्धान्तकारका रूपमा पनि चिनिन्छन्। हेरोडोटसपछि थुप्रै विद्वान्हरूले इतिहासलाई कथा र दन्त्यकथाभन्दा अलग ढङ्गले लेख्ने प्रयत्न गरे। हेरोडोटसकै अनुयायी थ्युसिडाइसले पेलोपोनेसियन युद्धको इतिहास आफ्नै व्यक्तिगत अवलोकन र प्रत्यक्षदर्शीको बयानका आधारमा तयार पारेका थिए। अरिस्टोटलले इतिहासलाई दार्शनिक चिन्तनका रूपमा लिएका थिए। मध्यकालमा आएर युरोपमा इतिहासलाई धर्मसँग गाँसेर अध्ययन र परिभाषित गर्ने परिपाटी विकास भयो। सोरौँ सत्रौँ शताब्दीमा युरोपमा आएको पुनर्जागरणले भने इतिहास लेखनमा ठुलै परिवर्तन ल्यायो। यस युगमा आएको परिवर्तनले गर्दा फेरि विद्वान्हरूले इतिहास लेखनलाई तथ्यपूर्ण बनाउन थाले। आधुनिक युगमा इतिहास लेखनको वैज्ञानिक पद्धतिको विकास भयो। यस युगमा प्राचीन इतिहासको खोजीको प्रक्रिया पनि तीव्र भयो र इतिहास एउटा छुट्टै विधाका रूपमा स्थापित भयो।

**मुख्य बुँदाहरू**

(क) साहित्यको अङ्गका रूपमा रहेको इतिहास मानिसलाई मनोरञ्जन दिलाउने साधनका रूपमा प्रयोग गरिएको,

(ख) इतिहासमा धेरै काल्पनिक कुरा समावेश गरिने हुनाले यसको वास्तविकता पहिल्याउन गाह्रो भएको,

(ग) ग्रिक विद्वान् हेरोडोट्सको प्रयासलाई सघाउँदै उनी पछिका विद्वान्हरूले इतिहासलाई तथ्यपूर्ण बनाउने प्रयास गरेका,

(घ) सोरौँ शताब्दीमा युरोपमा आएको पुनर्जागरणले इतिहासलाई तथ्यपूर्ण बनाउन बल पुगेको,

(ङ) विभिन्न परिवर्तनहरू सामना गर्दै आएको इतिहास वर्तमान समयमा छुट्टै विधाका रूपमा स्थापित।

१०. **दिइएको अनुच्छेद पढी सोधिएका प्रश्नको जवाफ दिनुहोस् :**

भाषा यादृच्छिक वाक्यप्रतीकहरूको त्यस्तो व्यवस्था हो, जसका सहायताले समाजका व्यक्तिहरू आफ्नो विचार विनिमय गर्दछन् । भाषालाई स्पष्ट रूपमा चिन्न यसका प्रकृति र विशेषताहरूको उल्लेख गर्नु अझ सान्दर्भिक ठहरिन्छ। भाषा पूर्णतः पैतृक सम्पत्ति नभई मानिसको आर्जित सम्पत्ति हो । भाषा अद्यान्त सामाजिक वस्तु हो र यो एकप्रकारको परम्परा पनि हो। कुनै पनि व्यक्ति भाषाको आर्जन गर्न सक्दछ तर पूर्णरूपले उत्पादन गर्न सक्दैन । वास्तवमा भाषा अनुकरणद्वारा आर्जन गर्ने गरिन्छ। भाषा परिवर्तनशील हुने भएकाले यसको कुनै अन्तिम स्वरूप हुँदैन । भाषाको भौगोलिक र ऐतिहासिक सीमा हुन्छ। प्रत्येक भाषाको आफ्नै प्रकारको संरचना हुन्छ । स्वभाविक रूपमा हरेक भाषा जटिलताबाट सरलतातर्फ यात्राशील रहन्छ। त्यस्तै हरेक भाषा आफ्नो विकासको क्रममा स्थूलबाट सूक्ष्मतिर र अपरिपक्वको स्थितिबाट परिपक्वको स्थितितिर यात्रारत रहन्छ । सबै भाषाको आफ्नो मानक रूप हुन्छ । यादृच्छिकता, सिर्जनात्मकता, द्वैधता, सान्दर्भिकता, मौखिकता, श्रावणिकता भाषाका विशेषता हुन्।

**प्रश्नहरू**

(क) **भाषा भनेको के हो ?**

➲ भाषा यादृच्छिक वाक्प्रतीकहरूको त्यस्तो व्यवस्था हो जसका माध्यमबाट समाजका मानिसहरू विचार विनिमय गर्छन्।

(ख) **भाषाका विशेषता बताउनुहोस् ।**

➲ आर्जित सम्पति, सामाजिक वस्तु, परिवर्तनशीलता, अनुकरणद्वारा सिकिनु, भूगोलको सीमामा केन्द्रित हुनु/यादृच्छिकता सिर्जनात्मकता, सान्दर्भिकता, मौखिकता, श्रावणिकता भाषाका विशेषता हुन्।

(ग) **वाक्प्रतीक र यादृच्छिक शब्दको अर्थ लेखी वाक्यमा प्रयोग गर्नुहोस् ।**

➲ **वाक्प्रतीक :** (बोली चिन्ह) भाषा वाक्प्रतीकहरूको सुव्यवस्थित व्यवस्था हो।

**यादृच्छिक :** (इच्छा अनुसारको) यादृच्छिकता भाषाको महत्त्वपूर्ण विशेषता हो।

(घ) **यस अनुच्छेदको पहिलो वाक्यलाई संयुक्त वाक्यमा बदल्नुहोस् ।**

➲ **पहिलो वाक्य :** भाषा यादृच्छिक वाक्प्रतीकहरूको त्यस्तो व्यवस्था हो, जसका सहायताले समाजका व्यक्तिहरू आफ्नो विचार विनिमय गर्छन्।

भाषा यादृच्छिक वाक्प्रतीकहरूको व्यवस्था हो र समाजका व्यक्तिहरू यसका सहायताले विचार विनिमय गर्छन्।

## सुनाइ र बोलाइ

१. **सुनाइ पाठ १ सुन्नहोस् र खाली ठाउँ भर्नुहोस् :**

➲ पारिन्छ सत्ता जब खण्डखण्ड
रहन्छ के शब्द त्यहाँ अखण्ड
थुतिन्छ पत्ता जब खात खात
सिद्धिन्छ शोभा अनि फूलबाट।

२. **राष्ट्र जोगाउन के गर्नुपर्छ, सुनाइ पाठका आधारमा छलफल गरी प्रतिक्रिया व्यक्त गर्नुहोस् :**

➲ राष्ट्र त्यहाँ बसोबास गर्ने मानिसको साझा घर हो। आफ्नो घरको संरक्षणका लागि परिवारका सदस्यले ध्यान पुऱ्याएजस्तै राष्ट्रको भूगोलभित्र बसोबास गर्ने प्रत्येक नागरिकले त्यसको संरक्षण गर्नुपर्छ। राष्ट्रको अखण्डतामा ध्यान पुऱ्याउनुपर्छ। कुनै पनि सिद्धान्त, व्यवहार, राजनैतिक परिवर्तन आदिका नाममा राष्ट्रलाई टुक्रा पार्नु हुँदैन। सिङ्गो राष्ट्र टुक्रिएमा त्यसको अस्तित्व समाप्त हुन्छ। जसरी कुनै फुलको थुँगाबाट त्यसका पत्रहरू थुत्तै जाँदा त्यो थुँगाको अस्तित्व रहँदैन त्यसैगरी राष्ट्र टुक्रिएमा त्यो समाप्त हुन्छ। राष्ट्रलाई अखण्ड राख्नुपर्छ अनिमात्र यो बलियो र सुरक्षित रहन्छ, शत्रु राष्ट्र तथा विस्तारवादी शक्तिले समेत यसमाथि आँखा गाड्न सक्दैनन्।

३. **विविधताले भरिपूर्ण नेपाललाई कसरी एकताबद्ध राख्न सकिन्छ ? तर्क प्रस्तुत गर्नुहोस्।**

➲ हाम्रो मुलुक विभिन्न विविधताले भरिपूर्ण समृद्ध मुलुक हो। यहाँको विविधता नै हाम्रो साझा सम्पत्ति पनि हो। विश्वका विशाल क्षेत्रफल ओगट्ने धेरै मुलुकका तुलनामा यो मुलुक सानो होला तर विविधतामा यसलाई कसैले भेट्टाउन सक्दैनन्। यहाँ प्राकृतिक, सांस्कृतिक, भौगोलिक, धार्मिक, जातीय आदि अनेक विविधताहरू छन् यी विविधतालाई संरक्षण गर्नु नै हामी नेपालीको पहिलो कर्तव्य हो। हाम्रो मुलुकका विविध विविधतामध्ये कुनै एकमा खलल पुग्न गएमा सारा राष्ट्रमा नै त्यसको नकारात्मक असर पर्न जान्छ। हाम्रो राष्ट्रका कतिपय प्राकृतिक विविधताहरूको संरक्षण प्राकृतिक नियमअनुसार भइरहेको हुन्छ भने कतिपय अवस्थामा हाम्रै नकारात्मक कार्यले तिनमा असर पुगेको हुन्छ। हिमाल, पहाड, तराई र यसमा समाहित अनेक ताल तलैला, नदी, झरना, खहरे, फाँट आदिको विविधता समेटिएको यस राष्ट्रको संरक्षणमा यहाँ बसोबास गर्ने सबै उत्तिकै दायित्व हुन्छ। प्राकृतिक सम्पदाको संरक्षणबाट पनि एकता कायम राख्न सकिन्छ।

मूलतः जातीय, धार्मिक, सांस्कृतिक विविधता हाम्रा समाजमा विद्यमान छन्। यिनको संरक्षण गरेर र एक अर्काका धर्म, चाड परम्परा, संस्कृति रीतिरिवाज, मौलिकता आदिलाई सम्मान गर्दै अघि बढेमा एकता कायम हुन्छ। हामीले कुनै पनि जात-जाति, धर्म-संस्कृति, परम्परा आदिलाई सानोठूलो भन्ने भावले नहेरी

तिनलाई समान व्यवहार गर्न सक्नुपर्छ । एक अर्काका मान्यता, परम्पराप्रति भेदभावपूर्ण व्यवहार भएमा एकता कायम हुन सक्दैन । विविधताले भरिपूर्ण हाम्रो समाजबाट जातीय भेदभाव, कुरीति, अन्धविश्वास, हेला, घृणा आदि जस्ता नकारात्मक प्रवृत्ति हटाउन सके विविधताले भरिपूर्ण नेपाललाई एकताबद्ध गर्न सकिन्छ ।

## भाषातत्त्व

**नेपाली वर्णहरू (लेख्य र कथ्य)**

**नेपाली लेख्य वर्ण**

नेपाली लेख्य वर्णहरू निम्नानुसार छन् :

- स्वर वर्ण

| | | | | | | |
|---|---|---|---|---|---|---|
| अ | आ | इ | ई | उ | ऊ | ऋ |
| ए | ऐ | ओ | औ | अं | अः | |

- व्यञ्जन वर्ण

| | | | | | |
|---|---|---|---|---|---|
| क | ख | ग | घ | ङ | |
| च | छ | ज | झ | ञ | |
| ट | ठ | ड | ढ | ण | |
| त | थ | द | ध | न | |
| प | फ | ब | भ | म | |
| य | र | ल | व | श | |
| ष | स | ह | क्ष | त्र | ज्ञ |

**नेपाली उच्चारणमा आउने वर्ण**

बोलचालमा वा उच्चारणमा आउने वर्णहरू यसप्रकार छन्, जस्तै :

- स्वर वर्ण

| | | | | | |
|---|---|---|---|---|---|
| अ | आ | इ | उ | ए | ओ |

- व्यञ्जन वर्ण

| | | | | | |
|---|---|---|---|---|---|
| क | ख | ग | घ | ङ | |
| च | छ | ज | झ | | |
| ट | ठ | ड | ढ | | |
| त | थ | द | ध | न | |
| प | फ | ब | भ | म | |
| य | र | ल | व | स | ह |

**नेपाली व्यञ्जनको वर्गीकरण**

नेपाली व्यञ्जन वर्णनलाई उच्चारण स्थान, उच्चारण प्रयत्न, घोषत्व र प्राणत्वका आधारमा वर्गीकरण गरिन्छ ।

१. **उच्चारण स्थानका आधारमा**

उच्चारण स्थानका आधारमा नेपाली व्यञ्जन वर्णहरू निम्नलिखित छन् :

(क) कण्ठ्य : क ख ग घ ङ

(ख) दन्तमूलीय : च छ ज झ ट ठ ड ढ न र ल स

(ग) दन्त्य : त थ द ध

(घ) ओष्ठ्य : प फ ब भ म व

(ङ) तालव्य : य

(च) स्वरयन्त्रमुखी : ह

२. **उच्चारण प्रयत्नका आधारमा**

उच्चारण प्रयत्नका आधारमा नेपाली व्यञ्जन वर्णहरू निम्नलिखित छन् :

(क) स्पर्शी : क ख ग घ ट ठ ड ढ त थ द ध प फ ब भ

(ख) स्पर्शसङ्घर्षी : च छ ज झ

(ग) सङ्घर्षी : स ह

(घ) नासिक्य : ङ न म

(ङ) कम्पित: र

(च) पार्श्विक : ल

(छ) अर्धस्वर: य व

३. **घोषत्वका आधारमा**

घोषत्वका आधारमा नेपाली व्यञ्जन वर्णहरू निम्नलिखित छन् :

(क) घोष : ग ज ड द ब घ झ ढ भ ङ न म य र ल व ह

(ख) अघोष : क च ट त प ख छ ठ थ फ स

४. **प्राणत्वका आधारमा**

प्राणत्वका आधारमा नेपाली व्यञ्जन वर्णहरू निम्नलिखित छन् :

(क) अल्पप्राण : क च ट त प ग ज ड द ब ङ न म य र ल व

(ख) महाप्राण : ख छ ठ थ फ घ झ ढ भ स ह

**प्रश्नहरू**

१. **कथ्य नेपालीमा नभएका वर्णहरू कुन कुन हुन्, लेख्नुहोस् ।**

➲ कथ्य नेपालीमा नभएका व्यञ्जन वर्णहरू निम्नलिखित छन् :

**व्यञ्जन वर्ण :** ञ ण श ष क्ष त्र ज्ञ

२. **दिइएका लेख्य वर्णको उच्चारण कस्तो हुन्छ ?**

| **लेख्य वर्ण** | **उच्चारण** |
|---|---|
| ई | इ |
| ऋ | रि |
| औ | अउ |

| | |
|---|---|
| अ: | अह |
| ण | न/ड |
| ष | स |
| ऊ | उ |
| ऐ | अै |
| अं | अम् |
| ञ | न/यं |
| श | स |
| क्ष | छ्य |
| ज्ञ | ग्यँ |

३. **दिइएको कवितांशबाट गाढा वर्ण टिपी तिनको उच्चारण स्थान छुट्याउनुहोस् :**

*कुन पहाडले कुन खोलाले तिम्रो गति छेकेथ्यो र*
*वीर पुर्खा! कुन आँधीले तिम्रो यात्रा रोकेथ्यो र*
*गरुडको झैँ वेग तिम्रो कुन आकाशले बाँध्न सक्यो*
*पौरखले रच्यौ नेपाल। पहाड तराई जुद्न सक्यो।*

➲

| गाढा वर्ण | उच्चारण स्थान |
|---|---|
| छ | वर्त्स्य/दन्तमूलीय |
| क | कण्ठ्य |
| त | दन्त्य |
| व | ओष्ठ्य |
| ब | ओष्ठ्य |
| ह | अति कण्ठ्य/स्वरयन्त्रमुखी |

४. **'काँगडा र कलङ्गाको ढुङ्गा माटो बोल्छ होला' पङ्क्तिमा रहेका सबै व्यञ्जन वर्णलाई उच्चारण स्थानका आधारमा पहिचान गरी सूचीबद्ध गर्नुहोस् ।**

➲

| वर्ण | उच्चारण स्थान |
|---|---|
| क | कण्ठ्य |
| ग | कण्ठ्य |
| ड | वर्त्स्य |
| ल | वर्त्स्य |
| ढ | वर्त्स्य |
| म | ओष्ठ्य |
| ट | वर्त्स्य |
| ब | ओष्ठ्य |
| ह | अतिकण्ठ्य |
| ल | वर्त्स्य |

५. **दिइएको अनुच्छेदबाट पाँचओटा सघोष र पाँचओटा अघोष वर्ण खोजी लेख्नुहोस् :**

नेपालका कतिपय भाषा अहिले पनि कथ्य परम्परामा नै सीमित छन् । लेख्य परम्परा भएका भाषाहरूमा नेपाली, मैथिली, नेवारी, तामाङ, मगर, लिम्बु, भोजपुरी, अवधि आदि हुन् । अन्य केही भाषाहरूमा लेख्य परम्पराको विकास हुँदै छ। यस्ता भाषाहरू गुरुङ, थुलुङ, बान्तवा, चाम्लिङ, खालिङ, कुलुङ आदि हुन् ।

➲ **सघोष वर्ण :** ग न घ य व

**अघोष वर्ण :** क च ट त प

६. **दिइएका पङ्क्तिबाट पाँचओटा अल्पप्राण र पाँचओटा महाप्राण वर्ण पहिचान गरी लेख्नुहोस् :**

डिगर्चामा डोब तिम्रो चिसो हिउँभित्र होला
बेत्रावती किनारभरि पौरखको चिनो होला
वीर पुर्खा ! तिमीलाई मितेरीले मात्रै बाँध्यो
सागर तरी संसारभरि वीर गोर्खा रगत बग्यो ।

➲ **अल्पप्राण वर्ण :** ड ग म ल क, न

**महाप्राण वर्ण :** ह ख भ, स

७. **दिइएको वर्णको उच्चारण स्थान र प्राणत्वको पहिचान गरी लेख्नुहोस् :**

➲

| **वर्ण** | **स्थान** | **प्राणत्व** |
|---|---|---|
| क | कण्ठ्य | अल्पप्राण |
| भ्क | वर्त्स्य | महाप्राण |
| ट | वर्त्स्य | अल्पप्राण |
| त | दन्त्य | अल्पप्राण |
| फ | ओष्ठ्य | महाप्राण |
| ह | अति कण्ठ्य | महाप्राण |

८. **उच्चारण प्रयत्न र घोषत्वका आधारमा दिइएका वर्णहरुको पहिचान गरी लेख्नुहोस् :**

➲

| **वर्ण** | **उच्चारण प्रयत्न** | **घोषत्व** |
|---|---|---|
| ख | स्पर्शी | अघोष |
| छ | स्पर्श सङ्घर्षी | अघोष |
| स | सङ्घर्षी | अघोष |
| न | नासिक्य | सघोष |
| य | अर्धस्वर | सघोष |
| ब | स्पर्शी | सघोष |

९. **उच्चारण स्थान र घोषत्वका आधारमा दिइएका व्यञ्जन वर्णको वर्गीकरण गर्नुहोस् :**

➲

| वर्ण | उच्चारण स्थान | घोषत्व |
|---|---|---|
| घ | कण्ठ्य | सघोष |
| द | दन्त्य | सघोष |
| छ | वर्त्स्य | अघोष |
| ह | अतिकण्ठ्य | सघोष |
| फ | ओष्ठ्य | अघोष |
| य | तालव्य | सघोष |

१०. **उच्चारण प्रयत्न र प्राणत्वका आधारमा दिइएका व्यञ्जन वर्णको वर्गीकरण गर्नुहोस् :**

➲

| वर्ण | उच्चारण प्रयत्न | प्राणत्व |
|---|---|---|
| म | नासिक्य | अल्पप्राण |
| स | सङ्घर्षी | महाप्राण |
| ठ | स्पर्शी | महाप्राण |
| ज | स्पर्श सङ्धर्षी | अल्पप्राण |
| थ | स्पर्शी | महाप्राण |
| र | कम्पित | अल्पप्राण |

## सिर्जना र परियोजना

१. **दिइएको कविताँशमा उपयुक्त शब्द छानी भर्नुहोस् :**
(हिमालको, मैदानमा, गाथा, बोकी, न्यानो, घाम)

➲ गौरवको गाथा बोकी सिर्जनाको फूल रोपी
नेपालीको मनमुटु हिमालको हिउँले छोपी
आएँ तल मधेसमा न्यानो घाम तापी
उदाएको मैदानमा पूर्वको त्यो बिहानीमा ।

२. **दिइएको कवितांश पढ्नुहोस् र त्यस्तै लयमा अरू चार पङ्क्ति थप्नुहोस्:**

➲ तिमी उभिएको एक मुठी माटो
उचालेर हेर भेटिन्छ कि बाटो
माटो जीवन हो, माटो नै हो माया
माटो सँगालेर खोज आफ्नै छाया ।
माटोकै गर सधैँ जपना
माटोकै देख सधैँ सपना
माटोमै फुल्छ मनुष्य जीवन
माटोमै फलाऊ तिमी स्वर्णका कण ।

३. **देशभक्तिको भावनाले ओतप्रोत भएको एउटा कविता वा गीत रचना गरी कक्षामा सुनाउनुहोस् :**

➲ देशभक्तिको भावनाले ओतप्रोत गीत

**'देशकै लागि मर्छु म त'**


देशकै लागि मर्छु म त देशकै लागि बाँच्छु
सपनामा पनि मेरै देश अँगालेर सुत्छु ।

पराइ देश जान्न म त आफ्नै देशमा बस्छु
परिश्रमका पसिनाले देश सिँञ्चन गर्छु
शिरमाथि सजाएर मेरो देश राख्छु
देशकै लागि मर्छु म त देशकै लागि बाँच्छु

देशमाथि पराइका आँखा लाग्नै दिन्न
मेरो मन, मेरो मुटुभन्दा देश छैन भिन्न
देशको माया सँगालेर मुटुभित्र राख्छु
देशकै लागि मर्छु मत देशकै लागि बाँच्छु

४. **अभिभावक वा अन्य जानकार व्यक्तिसँग सोधखोज गरी आफ्ना पाँच पुस्ताको पुर्ख्यौली विवरण तथा वंश-तालिका निर्माण गर्नुहोस् र कक्षामा प्रदर्शन गर्नुहोस् ।**

➲




## सुनाइ पाठ १

पारिन्छ सत्ता जब खण्ड खण्ड
रहन्छ के राष्ट्र त्यहाँ अखण्ड ?
थुतिन्छ पत्ता जब खात खात
सिद्धिन्छ शोभा अनि फूलबाट ।

नाना कला कौशल सभ्यताको
विचित्रताको तर एकताको
अहो हिमाली फुल ल्यूँ कि हात
एकै थुँगामा सय लाख पात ।

साभार : *'राष्ट्रनिर्माता' खण्डकाव्य (राष्ट्रकवि माधव घिमिरे)*